अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

आज मिति २०८१।०१।२५ गते (ने.स. ११४४ चौलागा चतुर्दशी) मंगलबारका दिन विहान ११:३० बजे अन्नपूर्ण गाउँपालिका म्याग्दीको गाउँ कार्यपालिकाको आ.व. २०८०/८१ को १८ औ बैठक गाँउपालिका अध्यक्ष श्री भारत कुमार पुनको अध्यक्षतामा तपसिलको उपस्थितिमा सम्पन्न भयो ।

तपसिल :

| नाम थर | पद | हस्ताक्षर |
|---|---|---|
| भारत कुमार पुन | अध्यक्ष | |
| दिवा कुमारी तिलिजा पुन | उपाध्यक्ष | |
| दिलिप कुमार गर्बुजा | सदस्य ( वडा नं. १ अध्यक्ष) | |
| ओम प्रसाद फगामी | सदस्य( वडा नं. २ अध्यक्ष) | |
| रमेश पुर्जा | सदस्य( वडा नं. ३ अध्यक्ष) | |
| लोक बहादुर फगामी | सदस्य( वडा नं. ४ अध्यक्ष) | |
| राजेश तिलिजा पुन | सदस्य( वडा नं. ५ अध्यक्ष) | |
| राम बहादुर खड्का | सदस्य( वडा नं. ६ अध्यक्ष) | |
| मइलन पुर्जा पुन | सदस्य( वडा नं. ७ अध्यक्ष) | |
| खम बहादुर गर्बुजा पुन | सदस्य( वडा नं. ८ अध्यक्ष) | |
| देव कुमारी पुन | सदस्य | |
| गेम माया पुन | सदस्य | |
| आशा गुरुङ्ग | सदस्य | |
| विष्णु कुमारी गर्बुजा | सदस्य | |
| विर बहादुर पौडेल | सदस्य | |
| मिठु वि.क | सदस्य | |
| अमृत सुवेदी | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| ~~श्याम पुर्जा~~ भिम बहादुर सेर्पुजा | का.वा. वडाध्यक्ष ( वडा नं ४)- आमन्त्रित सदस्य | |

अन्नपूर्ण गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पोखरेबगर म्याग्दी

गण्डकी प्रदेश, नेपाल ।

अन्नपूर्ण गाउँपालिका कार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल

कार्यपालिका बैठक मिति : २०८१।०१।२५ गते

समय : विहान ११:३० बजे

कार्यपालिका बैठकको एजेण्डा अध्यक्षबाट स्वीकृत मिति : २०८१।०१।२१ गते

मिति २०८१।०१।२५ गतेको कार्यपालिका बैठकका प्रस्तावहरू

प्रस्ताव नं १ पूर्व निर्णयहरुको समीक्षा सम्बन्धमा,
प्रस्ताव नं २ प्रशासकीय भवनका लागि जग्गा प्रबन्धको सम्बन्धमा हाल सम्म भएको समीक्षा,
प्रस्ताव नं. ३ प्रशासकीय भवनका लागि जग्गा प्राप्ति सम्बन्धमा,
प्रस्ताव नं ४ बहुक्षेत्रीय पोषण कार्यक्रम संशोधन सम्बन्धमा,
प्रस्ताव नं. ५ कृषि एम्बुलेन्सका लागि बजेट व्यवस्था सम्बन्धमा,
प्रस्ताव नं. ६ आगामी आ.व.मा सङ्घीय तथा प्रदेश सरकारबाट प्राप्त बजेट सीमा सम्बन्धमा
प्रस्ताव नं. ७ विविध समसामयिक विषयवस्तु ।

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भारत कुमार पुन
अध्यक्ष

**निर्णय नं. १ :**

प्रस्ताव नं. १ उपर छलफल गर्दा कार्यपालिकाको पूर्व निर्णयहरुको समीक्षा गर्दा सवै निर्णयहरु कार्यान्वयन भएको पाइयो ।

**निर्णय नं. २:**

प्रस्ताव नं. २ उपर छलफल गर्दा गाउँपालिकाको प्रशासकीय भवनका लागि जग्गा प्रबन्ध सम्बन्धमा हालसम्म तपसिल बमोजिम कार्य प्रगती भएको समीक्षा गरियो ।

**तपसिल :**

१) मिति २०७९।०९।२६ को गाउँ कार्यपालिकाको बैठकद्वारा ( निर्णय नं.४) गाउँपालिकाको प्रशासकीय भवन निर्माणको लागि पोखरेवगर क्षेत्रभित्र उत्तरमा घारखोला, दक्षिणमा म्याग्दी हाइड्रोपावरको पावर हाउस, पश्चिममा कालीगण्डकी नदि र पूर्वमा गोजे(पानी टयाङ्की) क्षेत्र भित्र निशुल्क ५ रोपनी जग्गा प्रासीको लागि सार्वजनिक सूचना प्रकाशन प्रकृया अघि बढाउने निर्णय भएको।

२) मिति २०७९।११।११ मा गाउँपालिका कार्यालयद्वारा पहिलो पटक अन्नपूर्ण गाउँपालिकाको प्रशासकीय भवनको लागि निशुल्क जग्गा प्रासीको सम्बन्धी सूचना प्रकाशन गरिएको ।

३) मिति २०७९।११।२८ मा गाउँपालिका कार्यालयद्वारा दोस्रो पटक अन्नपूर्ण गाउँपालिकाको प्रशासकीय भवनको लागि निशुल्क जग्गा प्रासीको सम्बन्धी सूचना प्रकाशन गरिएको ।

४) मिति २०७९।१२।१८ मा गाउँपालिका कार्यालयद्वारा तेस्रो पटक अन्नपूर्ण गाउँपालिकाको प्रशासकीय भवनको लागि निशुल्क जग्गा प्रासीको सम्बन्धी सूचना प्रकाशन गरिएको ।( रिखार दैनिक पत्रिकामा समेत प्रकाशित भएको )

५) मिति २०८०।०९।२८ बसेको गाउँ सभाको बैठकले गाउँपालिकाको प्रशासनिक भवन निर्माणको लागि 'स्थानीय तहको प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८०' मा रहेको न्यूनतम मापदण्ड पुग्ने गरी निशुल्क जग्गा प्रासिको लागि हाल कार्यालय रहेको स्थानबाट वडा नं ६ भित्र नै २ कि.मि. क्षेत्रभित्र (वरिपरी) गाँउपालिका तथा नगरपालिकाको केन्द्र निर्धारण सम्बन्धी मापदण्ड अनुसार ' यस बमोजिम क्षेत्रफल भएको जमिन एकै कित्ताबाट एकै क्षेत्रमा एकमुष्ट उपलब्ध नभएमा अधिकतम सय मिटरको दुरीभित्र एक अर्को क्षेत्रबाट समेत मिलाई जग्गाको क्षेत्रफल मिलाउन सकिने । वा मुआब्जा निर्धारण हुने गरी प्रासि गर्नुपर्ने अवस्था आएमा समेत विस्तार गर्न सकिने ' गरी सूचना प्रकाशन गरि जग्गा प्रासिको कार्य अघि बढाउन सर्वसम्मत रुपले निर्णय भएको ।

६) मिति २०८०।०९।२९ गते गाउँकार्यपालिका कार्यालयद्वारा अन्नपूर्ण गाउँपालिकाको प्रशासकीय भवनको लागि परिवर्तित मापदण्ड अनुसार निशुल्क जग्गा प्रासि सम्बन्धी सूचना प्रकाशन गरिएको।

७) मिति २०८०।१०।२३ गतेको कार्यपालिकाको बैठकले (निर्णय नं. २) गाउँपालिकाको कार्यालयबाट मिति २०८०।०९।२९ गते गाउँपालिकाको प्रशासकीय भवनको लागि निशुल्क

अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोखरेबगर

जग्गा प्राप्ति सम्बन्धी सूचना प्रकाशित गर्दा अन्नपूर्ण गाउपालिका वडा नं ६ पोखरेवगर निवासी खिमराज बरुवालले एक रोपनी निशुल्क रुपमा र बाकी पाँच रोपनी सशुल्क उपलब्ध गराउन मञ्जुरीनामा सहित निवेदन पेश भएकोमा जम्मा १ रोपनी मात्र जग्गा निशुल्क प्रासी हुदा पूर्ण नहुने भएकाले उक्त जग्गाको पुनःनिर्णय हुने गरी आवश्यक अधिकतम ६ रोपनी जग्गा मुआब्जा प्रदान गर्ने गरी जग्गा प्राप्ति सूचना प्रकाशन गर्ने निर्णय भएको ।

८) मिति २०८०।१०।२९ मा गाउँपालिका कार्यालयद्वारा प्रशासकीय भवनको लागि जग्गा प्राप्ति सम्बन्धी सूचना (मुआब्जा प्रदान गर्ने गरी) सूचना प्रकाशन भएको ।( रिखार दैनिक पत्रिकामा समेत उक्त सूचना प्रकाशन भएको ।)

९) गाउँपालिकाको प्रशासकीय भवनको लागि जग्गा प्राप्तिको लागि मिति २०८०।१०।२९ गते सूचना प्रकाशन गरिएकोमा ६ वटा सिलबन्दी निवेदन हुन आई मिति २०८०।११।२१ को कार्यपालिका बैठकमा खोलिएको र स्थलगत निरीक्षण गरी जग्गाको अवस्था, प्राविधिक र भौगोलिक पक्ष लगायत समग्र पक्षहरुको मूल्याङ्कन तथा छलफल गर्ने आगामी बैठकमा निर्णय भएको ।(निर्णय न. २)

१०) मिति २०८१।०१।०३ गतेको कार्यपालिका बैठकले (निर्णय नं.६) अन्नपूर्ण गाउँपालिकाको कार्यालयको प्रशासकीय भवन निर्माणको लागि सूचना प्रकाशन गरी प्राप्त हुन आएका जग्गाहरु मध्ये धिरच्याङ्ग क्षेत्रका जग्गाहरु अमिनबाट नापजाँच गराउने साथै साँध सीमानामा रहेका उपयुक्त हुने अन्य सम्भावित जग्गाहरुको समेत खोजी गरी आगामी कार्यपालिका बैठकमा छलफल गर्ने निर्णय गरिएको । साथै अन्य जग्गाहरुको हकमा तपसिलको कारणले गर्दा प्रशासकीय भवनको लागि अनुकुल नभएको ।

तपसिल :

क) गुरु प्रसाद खत्रीले पेश गरेको धिरच्याङमा रहेको जग्गाको प्रति रोपनी ८ लाखमा उपलब्ध गराउन चाहेको जग्गामा (कि.न. ५१ / ०-८-२-०) मा पुग्ने सडक पहुच नभएको र क्षेत्रफल विस्तारमा पनि समस्या देखिएकाले उक्त जग्गा गाँउपालिकाको प्रशासकीय भवनको निम्ति उपयुक्त नहुने ।

ख) विर बहादुर खत्रीले पेश गरेको धिरच्याङमा रहेको जग्गाको प्रति रोपनी १० लाखमा उपलब्ध गराउन चाहेको जग्गामा पुग्ने सडक पहुच नभएको र क्षेत्रफल विस्तारमा पनि समस्या देखिएकाले उक्त जग्गा गाँउपालिकाको प्रशासकीय भवनको निम्ति उपयुक्त नहुने ।

ग) खिम राज बरुवालले पेश गरेको वडा न. ६ खलौरा क्षेत्रमा प्रति रोपनी ८ लाखको दरले उपलब्ध गराउन चाहेको जग्गा वस्तीबाट टाढा, सडक राजमार्गको पहुच भन्दा टाढा रहेको कारणले गर्दा उक्त जग्गा दिर्घकालिन रुपमा गाउँपालिकाको प्रशासकीय भवन राख्न उपयुक्त नहुने ।

घ) क्षेत्र बहादुर बरुवालले पेश गरेको प्रति रोपनी ६ लाख गरेको जमिनको स्थलगत निरिक्षण गर्दा जग्गा भिरालो रहेको र पूर्वाधार जन्य संरचनाहरु निर्माण गर्नको लागि जटिल हुने देखिएको कारणले गर्दा उक्त जग्गा गाँउपालिकाको प्रशासकीय भवनको निम्ति उपयुक्त नहुने ।

अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश नेपाल

ङ) गोपाल बरुवालले पेश गरेको प्रति रोपनी १ करोड ५ लाख मुआब्जा पाउने गरी पेश गरेको पोखरेवगर क्षेत्रको कित्ता न. ९क १११ क्षेत्रफल १-६-१-१ जग्गा प्रचलित मूल्यभन्दा निकै बढी पेश गरेको साथै थप क्षेत्रफल विस्तार गर्न सम्भव नभएको कारणले गर्दा उक्त जग्गा गाँउपालिकाको प्रशासकीय भवन को निम्ति उपयुक्त नहुने।

११) प्रशासकीय भवनको लागि जग्गा व्यवस्था गर्न गठित समितिले वडा नं ६ धिरच्याङमा २०८०।१०।२८ गतेको जग्गा प्राप्तिको सूचना अनुसार प्राप्त हुने जग्गा र साँधसिमानाको थप जग्गा अमिन सहितको टोली र सम्वन्धित जग्गा धनीहरुसंगको रोहवरमा छलफल तथा नाँपजाँच गरी मिति २०८०।११।१२ मा तपसिल बमोजिम प्रतिवेदन पेश गरेको ।

**क) मुआब्जा प्रदान गर्ने गरी सूचना प्रकाशन गर्दा दिन ईच्छुक जग्गाको विवरण ।**

| क्र.सं | जग्गा धनिको नाम थर | ठेगाना | कित्ता नं | जग्गा धनि दर्ता प्रमाण पूर्जा अनुसार जम्मा क्षेत्रफल तथा रकम | | | बिद्युत तथा सडक मापदण्ड कटाई वाँकी रहने जम्मा क्षेत्रफल तथा रकम | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा क्षेत्रफल | दर प्रति रोपनी रु | माग भएवमोजिमको जम्मा रकम रु | जम्मा क्षेत्रफल | दर | कायम हुँन आउने जम्मा रकम रु |
| १ | टेक वहादुर खत्री क्षेत्री | अन्नपूर्ण ६ | १७ | ०-१४-१-२ | १००००० | ८९८४४३.२१३ | ०-१४-१-२ | १००००० | ८९८४४३.२१ |
| २ | गंगा देवी खत्री खड्का | अन्नपूर्ण ६ | ११८ | ०-१३-३-१ | १००००० | ८६३२८५.७६५ | ०-८-०-० | १००००० | ४९९९९६.०७ |
| ३ | तिर्थ बहादुर खड्का | अन्नपूर्ण ६ | ११९ | ०-१३-३-१ | १००००० | ८६३२८५.७६५ | ०-४-१-२ | १००००० | २७३४४८.१३ |
| ४ | मिस्री खड्का | अन्नपूर्ण ६ | १२० | ०-१३-३-१ | १००००० | ८६३२८५.७६५ | ०-०-०-० | १००००० | ० |
| ५ | तिर्थ बहादुर खड्का | अन्नपूर्ण ६ | १२५ | ०-३-०-० | १००००० | १८७४९८.५२६ | ०-०-१-१ | १००००० | १९५३८.४७ |
| | जम्मा | | | | | ३६७५७९९.०३ | | | १६९१४२५.८८ |

अन्नपूर्ण गाउँपालिका
कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

**ख) साँध सीमानामा सम्भाव्य देखिएको थप लिनुपर्ने जग्गाको विवरण**

| क्र.सं | जग्गा धनिको नाम थर | ठेगाना | कित्ता नं | जग्गा धनि दर्ता प्रमाण पूर्जा अनुसार जम्मा क्षेत्रफल तथा रकम | | | बिद्युत तथा सडक मापदण्ड कटाई बाँकी रहने जम्मा क्षेत्रफल तथा रकम | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जम्मा क्षेत्रफल | दर प्रति रोपनी रु | माग भएवमोजिमको जम्मा रकम रु | जम्मा क्षेत्रफल | दर | कायम हुँन आउने जम्मा रकम रु |
| १ | विर वहादुर खत्री | अन्नपूर्ण ६ | २४ | ०-६-२-३ | १७००००० | ७१०५७५.५४ | ०-४-३-२ | १७००००० | ५१७९९३.०८ |
| २ | गुरु प्रसाद खत्री | अन्नपूर्ण ६ | २५ | ०-७-१-२ | १७००००० | ७८३६०९.३१ | ०-४-०-० | १७००००० | ४२४९९६.६६ |
| ३ | गुरु प्रसाद खत्री | अन्नपूर्ण ६ | १११ | ०-६-०-२ | १७००००० | ६५०७९४.५१ | ०-३-०-० | १७००००० | ३१८७४७.४९ |
| ४ | बब्वी खत्री | अन्नपूर्ण ६ | ११२ | १-२-२-१ | १७००००० | १९७२२७९.४ | ०-२-०-० | १७००००० | २१२४९८.३३ |
| ५ | वेल वहादुर खड्का | अन्नपूर्ण ६ | १२६ | ०-१०-०-० | १७००००० | १०६२४९१.६ | ०७-२-२- | १७००००० | ८१०१७४.९४ |
| | जम्मा | | | | | ५१७९७५०.३६ | | | २२८४४१०.५० |

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं. ३**

प्रस्ताव नं. ३ उपर छलफल गर्दा प्रशासकीय भवनको लागि जग्गा प्राप्तीको विषयमा छलफल गर्दा हालसम्म गाउँपालिकाको आफ्नै प्रशासकीय भवन नभएकोले भाडामा लिई सञ्चालन भएको र दैनिक रुपमा सेवा प्रवाहमा समस्या भइरहेको तथा हाल पालिकाको प्रशासकीय भवन नजिक उपयुक्त सार्वजनिक जग्गा उपलब्ध नभएको साथै हाल केन्द्र रहेको ठाँउ वरपर लक्षित गरेर पटक पटक सूचना प्रकाशन गर्दा नि:शुल्क जग्गा उपलब्ध हुन नसकेको अवस्थालाई मध्य नजर गर्दै जग्गा प्राप्ति ऐन, २०३४ अनुसार मुआब्जा दिने गरी जग्गा प्राप्ति गर्न सूचना प्रकाशन गर्दा एकल तथा संयुक्त गरी जम्मा ६ वटा निवेदनहरुमा भौगोलिक अवस्था, सवारी आवागमनको अवस्था, हाल केन्द्र रहेको स्थानसँगको दुरी, प्रशासनिक सुगमता, जनभावना, जनप्रतिनिधिहरुको राय, सुरक्षा प्रबन्ध, न्यूनतम भौतिक तथा सामाजिक पूर्वाधारको आधारमा मूल्याङ्कन गर्दा अन्नपूर्ण गाउँपालिका वडा नं. ६ को धिरच्याङ क्षेत्र उपयुक्त देखिएको । तसर्थ सो क्षेत्रमा निवेदन पेश भएका जग्गाको साँध सीमानाका जग्गाको समेत खोजी गर्दा तपसिल बमोजिम जग्गा उपयुक्त हुने देखिएकाले जग्गा प्राप्ति ऐन, २०३४ अनुसार मुआब्जा प्रदान हुने र आवश्यक सबै खर्च यस गाउँपालिकाबाट हुने गरी प्राप्त गर्न सोही ऐनको दफा ३ क अनुसार अनुमतिको लागि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत नेपाल सरकारमा पेश गर्ने ।

**तपसिलः**

| क्र.सं | जग्गा धनीको नाम थर | ना.प्र.न | ठेगाना | नक्सा / सिट न. | कित्ता नं | जग्गाको क्षेत्रफल | गाउँपालिकाको नाममा प्राप्त हुने जग्गा | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | क्षेत्रफल (रो.-आना-पैसा-दाम) | क्षेत्रफल (व.मी) |
| १ | टेक वहादुर खत्री क्षेत्री | ४९-०१-७९-०५१७७ | अन्नपूर्ण ६ | ९ | १७ | ०-१४-१-२ | ०-१४-१-२ | ४५७.०७४ |
| २ | विर वहादुर खत्री | ४९-११-७५-००१७६ | अन्नपूर्ण ६ | ९ | २४ | ०-६-२-३ | ०-४-३-२ | १५५.०१४ |
| ३ | गुरु प्रसाद खत्री | ३४७-१०९ | अन्नपूर्ण ६ | ९ | २५ | ०-७-१-२ | ०-४-०-० | १२७.१८४ |
| ४ | गुरु प्रसाद खत्री | ३४७-१०९ | अन्नपूर्ण ६ | ९ | १११ | ०-६-०-२ | ०-३-०-० | ९५.३८८ |
| ५ | बब्वी खत्री | ४९३०४१-२०९ | अन्नपूर्ण ६ | ९ख | ११२ | १-२-२-१ | ०-२-०-० | ६३.५९२ |
| ६ | गंगा देवी खत्री खड्का | ४९-०१-७६-०३५१० | अन्नपूर्ण ६ | ९ | ११८ | ०-१३-३-१ | ०-८-०-० | २५४.३६८ |
| ७ | तिर्थ बहादुर खड्का | ८३६१ | अन्नपूर्ण ६ | ९ख | ११९ | ०-१३-३-१ | ०-४-१-२ | १३९.११४ |
| ८ | तिर्थ बहादुर खड्का | ८३६१ | अन्नपूर्ण ६ | ९ख | १२५ | ०-३-०-० | ०-०-१-१ | ९.९४० |
| ९ | वेल वहादुर खड्का | ४९-२१-७५-०००३५ | अन्नपूर्ण ६ | ९ ख | १२६ | ०-१०-०-० | ०-७-२-२ | २४२.४५२ |
| | जम्मा | | | | | | ३-०-२-१ | १५४४.१२६ |

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं. ४:**

प्रस्ताव नं. ४ उपर छलफल गर्दा मिति २०८१।०५।२१ गतेको कार्यपालिकाको बैठकको निर्णय नं. ५ मा चालु आ.व.को लागि बहुक्षेत्रीय पोषण कार्यक्रम कार्यान्वयनको निर्णय भएकोमा बजेट अपुग हुने देखिएकाले तपसिल अनुसार संशोधन गर्ने ।

**पोषण विशेष कार्यक्रम (स्वास्थ्य क्षेत्र) सन्चालनः**

**क. पोषण संवेदनशील कार्यक्रम (शिक्षा, कृषि विकास सेवा, पशु विकास सेवा, खानेपानी तथा सरसफाइ, महिला तथा बालबालिका र शासकिय प्रबन्ध क्षेत्र) संचालनः**

| क.सं. | क्षेत्र | क्रियाकलापहरु | इकाइ | प्रति इकाइ मूल्य | जम्मा रकम | श्रोत (नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह र अन्य विकास साझेदार) | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | शासकीय प्रबन्ध | गाँउपालिका स्तरिय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति बैठक | २ पटक | २०५०० | ४१,००० | स्थानीय तह | शिक्षा क्षेत्रको कार्यक्रम नं १ मार्फत भुक्तानी गरिएको |
| | | सबै वडामा वडास्तरीय पोषण तथा खाद्य सुरक्षा निर्देशक समिति गठन तथा नियमित बैठक | १६ पटक | २००० | ३२,००० | स्थानीय तह | सञ्चालन गर्ने |
| | | नेपाल सरकारबाट वितरण हुने बाल पोषण अनुदानका प्रभावकारी उपयोगका सम्बन्धमा आमा तथा शिशु स्याहारकर्तालाई अभिमुखिकरण | ८ | १०००० | - | नेपाल सरकार, | बजेट आएमा कार्यान्वयन हुने |

अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | कार्यक्रमको लागि आवश्यक छपाई तथा स्टेशनरी | १ | १०००० | - | स्थानीय तह, | **नगर्ने** |
| | | स्थानीय तहमा कार्यरत कर्मचारीहरुको लागि पोषण सम्बन्धी क्षमता अभिबृद्धि कार्यक्रम | १ | ३०००० | ३०००० | स्थानीय तह | **सम्पन्न** |
| २ | शिक्षा | माध्यामिक विद्यालयमा पोषण शिक्षा बाल बिवाह जस्ता सामाजिक विकृती सम्बन्धी सचेतिकरण कार्यक्रम | ७ वटा | ७५०० | - | स्थानीय तह | **रद्द गरिएको** |
| | | विद्यालय पोषण सम्बन्धी सन्देश मुलक पोष्टर टाँस गर्ने | १० | १५०० | १५,००० | स्थानीय तह | **सञ्चालन गर्ने** |
| | | दिवा खाजा संचालन विद्यालयहरुमा पोशिलो खाना बनाउन सिकाउने | १० | १८००० | १,८०,००० | स्थानीय तह | **सञ्चालन गर्ने** |
| ३ | कृषि | एक घर एक करेसाबारी अभियान पशु विकास संचालन सहजिकरण | १ | ५०००० | ५०,००० | स्थानीय तह | **सञ्चालन गर्ने** |
| | | एक घर एक करेसाबारी सचेतिकरण कार्यक्रम तथा प्रयोगात्मक विधि पर्दशनी | ८ | २२५०० | १,८०,००० | स्थानीय तह | **सञ्चालन गर्ने** |
| | | एक घर एक करेसाबारी अभियान संचालनका लागि | १ | ५०००० | ५०,००० | स्थानीय तह | **सञ्चालन गर्ने** |

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विउ तथा बेर्ना वितरण तथा विविध | | | | | |
| | | जैविक विषादी तथा प्रांगारिक मल उत्पादन सम्बन्धी तालिम | आवश्यकता अनुसार | ५०,००० | - | स्थानीय तह | **रद्द गरिएको** |
| ४ | खानेपानी तथा सरसफाई | स्वस्थ घर घोषणा अभियान सचेतीकरण कार्यक्रम | १८ | ५००० | ९०,००० | स्थानीय तह | **सञ्चालन गर्ने** |
| | | स्वस्थ घर घोषणा अभियान कार्यक्रमको लागि फ्लेक्स प्रिन्ट | | | ४०,००० | स्थानीय तह | **सञ्चालन गर्ने** |
| | | Wash Plan profile update | | | ४५,००० | स्थानीय तह | **सञ्चालन गर्ने** |
| | | पानीको गुणस्तर परीक्षण | ८ | | २४,५०० | | **सञ्चालन गर्ने** |
| | | विद्यालय तथा स्वास्थ्य संस्थामा वास कर्नर स्थापना | २ | १६००० | ३२,००० | स्थानीय तह | **सञ्चालन गर्ने** |
| ५ | महिला तथा बालबालिका | सुनौला १००० दिनका घरपरिवारका सदस्यहरुविच पोषण व्यबहार सम्बन्धी अनुशिक्षण | १८ | २००० | - | स्थानीय तह | **रद्द गरिएको** |
| | | बाल संजाल क्षमता विकास तालिम | १ | २०००० | २२,५०० | स्थानीय तह | **सञ्चालन गर्ने** |
| | | किशोर किशोरीहरुलाई बालविबाह पोषण र प्रजनन् स्वास्थ्य सम्बन्धी अनुशिक्षण कार्यक्रम | १५ | ५००० | - | स्थानीय तह | **रद्द गरिएको** |
| जम्मा बजेट रु | | | | | ८,३२,००० | | |

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
नेपाल

**निर्णय नं. ५ :**

प्रस्ताव नं. ५ उपर छलपल गर्दा मिति २०८०।१२।१४ गतेको गाउँ कार्यपालिका बैठकको निर्णय नं १(क) मा संघीय सरकारको सशर्त अनुदान रु १९,८०,०००।— र गाउँपालिकाबाट विनियोजित रु १५ लाखबाट कृषि तथा पशुपन्छी बजारीकरणका लागि कृषि एम्बुलेन्स क्याटलग सपिङ् विधिबाट खरिद गर्ने निर्णय गरिएकोमा मेकानिकल इन्जिनियरबाट तयार भएको लागत अनुमान बमोजिम नपुग हुने रकम सवारी साधन खरिद शिर्षकमा व्ययभार हुने गरी खरिद प्रक्रिया अगाडि बढाउने ।

**निर्णय न. ६ :**

प्रस्ताव नं. ६ उपर छलफल गर्दा आगामी आ.व. २०८१।८२ को लागि संघीय सरकार तथा प्रदेश सरकारबाट तपसिलको समानीकरण अनुदान र राजश्वबाडफाँडबाट प्राप्त हुने जानकारी प्राप्त भयो । सो सम्बन्धमा आगामी आ.व.को नीति तथा कार्यक्रम र बजेट निर्माणका लागि सबै विषयगत समिति र शाखाहरुले प्रारम्भिक काम कारवाही सुरु गर्ने ।

**तपसिल :**

| **संघीय सरकारबाट प्राप्त हुने अनुदानहरु** | | |
|---|---|---|
| **क.स** | **अनुदान विवरण** | **अनुदान रकम रु (अनुमानित)** |
| १ | कार्यसम्पादनमा आधारित वित्तीय अनुदान | ४४,००,०००/-, |
| २ | शुत्रमा आधारित वित्तीय समानीकरण अनुदान | ४,०३,००,०००/- |
| ३ | न्यूनतम वित्तीय समानीकरण अनुदान तर्फ | ३,००,००,०००/- |
| ४ | राजश्व बाँडफाँड (मू.अकर) | ५,९३,५२,४३०/- |
| ५ | राजश्व बाँडफाँड (अन्तशुल्क) | २,१५,५७,५७९/- |
| ६ | राजश्व बाँडफाँड (राष्ट्रिय वन रोयल्टी) | ७४,७४४/- |
| ७ | राजश्व बाँडफाँड (जलविद्युत रोयल्टी ) | ६०,६६,८५९/- |
| ८ | राजश्व बाँडफाँड ( पर्वतारोहण रोयल्टी) | १४,४८,३८९/- |
| संघीय सरकारबाट प्राप्त हुने जम्मा रकम (क) | | १६,३२,००,००१/- |
| **गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने अनुदानहरु** | | |
| १ | प्रदेश समानीकरण अनुदान | ८७,१३,०००/- |
| २ | प्रदेश राजश्व बाँडफाँड ( सवारीसाधन कर) | १,०१,६३,०००/- |
| गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने रकम (ख) | | १,८८,७६,०००/- |
| जम्मा संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान (क+ख) | | १८,२०,७६,००१/- |

अन्नपूर्ण गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरेबगर, म्याग्दी
गण्डकी प्रदेश, नेपाल

**निर्णय नं. ७**

विविध प्रस्ताव उपर छलफल तपसिल बमोजिम गर्ने ।

क) जिल्ला प्रशासन कार्यालय म्याग्दीको प.स. ०८०।८१ चलानी न. २४७३, मिति २०८१।०१।२१ को पत्रको साथ प्रहरी सर्जमन मुजुल्का अनुसार मिति २०८१।०१।१६ गते दिनको अन्दाजी १२:०० बजेको अन्नपूर्ण गाउँपालिका वडा नं. ६ भुवानथानस्थित विद्युतिय हाई भोल्टेजका कारण तपसिलका घरहरुमा आगलागी भई ठुलो क्षती भई यस कार्यालयमा राहतको लागि निवेदन पेश भएका तपसिलको व्यक्तिको परिवारलाई देहाय बमोजिम राहत प्रदान गर्ने ।

१) डिल बहादुर बरुवाल : रु १५,०००/-

२) जित बहादुर बरुवाल : रु ४०,०००/-

३) टिक बहादुर बरुवाल : रु १२,०००/-

४) बौध बहादुर बरुवाल : रु १०,०००/-

ख) जिल्ला प्रहरी कार्यालय (कार्य शाखा) को प.स. ०८०।८१, चलानी न. ११२६ र मिति २०८१।०१।०६ गते मुजुल्का र त्यसको पत्रसाथ प्राप्त मुजुल्का अनुसार मिति २०८०।१२।०१ गतेका दिन अन्दाजी दिनको १:०० बजे अचानक जंगलमा आगलागीको कारणले वडा नं. ६ घार स्थित जुकेपानी पूर्ण बहादुर बरुवालको घरमा क्षती भई यस कार्यालयमा राहतको लागि निवेदन पेश भएकाले पूर्ण बहादुर बरुवाललाई राहत स्वरुप १०,०००/- प्रदान गर्ने ।

ग) शिक्षा शाखा बाट मिति २०८१।०१।२५ गते उठाईएको र कार्यालयद्वारा स्वीकृत टिप्पणी आदेश अनुसार गाउँपालिका भित्रको विभिन्न विद्यालयहरु लेखापरिक्षण कार्य गर्न नियुक्तपत्र बुझि लेखा परिक्षण कार्य नगरेका सम्पन्न नगरेका वि.डि. भट्ट एण्ड कम्पनी, धनगडी उपमहानगरपालिका-१, कैलाली र एस के.सी. एण्ड एसोसिएट्स, पोखरा-२० भलाम कास्कीलाई आगामी आर्थिक बर्षमा यस गाउँपालिकामा लेखापरिक्षण कार्यमा सुचिकृत नगराउने गरी उक्त नियुक्ति पत्र रद्ध गर्ने र तोकिएको समयमा सबैभन्दा पहिला लेखापरिक्षण सम्पन्न गरी पेश गरेको र विद्यालयले छनौट गरेको लेखापरिक्षण फर्म/व्यवसायीहरुको आधारमा स्वीकृत टिप्पणीमा सिफारिस भएका तपसिलका लेखापरिक्षकहरुलाई स्वीकृत गर्ने ।

**तपसिल**

| क.स | विद्यालयको नाम | तोकिएको लेखापरिक्षक/फर्म |
|---|---|---|
| १ | श्री सर्वोदय मा.वि. भुरुङ तातोपानी | एल.वि. थापा एण्ड एसोसियट्स |
| २ | श्री हिमालय आ.वि. भुरुङ | |
| ३ | श्री धवलागिरी आ.वि. कोप्चेपानी | एच.एन. ढकाल एण्ड कम्पनी |
| ४ | श्री निलगरी आ.वि. घराप | |

अन्नपूर्ण गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय पोखरेबगर, म्याग्दी गण्डकी प्रदेश, नेपाल

अमृत सुवेदी
प्रमुख प्रशासकीय अधिकृत

भरत कुमार पुन
अध्यक्ष